# प्रदेश र स्थानीय तहका साझा अधिकार
# समन्वय, सहकार्य र साझेदारीका क्षेत्रहरु

परिवर्तन परियोजना

प्रस्तुती
कृष्णप्रसाद सापकोटा
स्वशासन अध्ययन प्रतिष्ठान (INLOGOS), काठमाडौं

२०७९ भाद्र २३ गते
सुदूर पश्चिम प्रदेश, धनगढी

# प्रस्तुतिका प्रमुख क्षेत्रहरू

- संघीय शासनको ऐतिहासिक पृष्ठभूमि
- संघीय शासन प्रणालीका विशेषता र अन्तर्राष्ट्रिय अभ्यास
- नेपालमा संघीय शासन प्रणाली र अभ्यास
- साझा अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था
- साझा अधिकार र कार्यान्वयनका अवसर र चुनौतीहरू
- समन्वय, सहकार्य, सहअस्तित्व र सहयोग
- साझेदारी विकासका लागि प्रदेश र स्थानीय तह बीच पारस्परिक सहयोग र भूमिका
- भावी कार्य दिशा
- निष्कर्ष

# पृष्ठभूमि

- ईशापूर्व चौथो शताब्दी तिर लिच्छवि, बज्जी, विदेह र मल्ल मिलेर महासंघ बनाएको,
- इशापूर्व छैटौं शताब्दी तिर शाक्य र कोलीयहरूको संघीय गणतन्त्र रहेको,
- आधुनिक संघीयताका प्रथम वकालतकर्ता जोहान्स आल्थुसियस थिए,
- नेपालको संविधानले संघीयतालाई वैधता प्रदान गर्‍यो,
- नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने,
- संविधानका विभिन्न धारा र अनुसूचीहरूले तीन तहको अधिकार निर्धारण गरेको,

# संघीय शासन प्रणालीका विशेषता र अन्तर्राष्ट्रिय अभ्यास

- संघीय व्यवस्थामा जनतामा निहित सार्वभौमसत्ताको प्रयोग एकभन्दा बढी तहबाट हुन्छ,
- सामान्यतया एकात्मक व्यवस्थामा सो अधिकारको प्रयोग एउटै तहबाट गरिन्छ,
- संघीयता भनेको दुई वा सो भन्दा बढी तहको सरकार हुने व्यवस्था हो,
- एक अर्को तहबाट अधिनस्थ नभई संविधान अधिनस्थ भएर स्वशासित र स्वायत्त रहने व्यवस्था हो,
- संघीयता संविधानद्वारा विभिन्न तहमा स्रोत र शक्तिको वितरण गरी राज्य संचालन हुने व्यवस्था हो,
- संघीयता भनेको स्वशासन र स्वायत्त शासन मात्र नभै साझा शासन पनि हो,

## क्रमश.........संघीय शासन प्रणालीका विशेषता र अन्तर्राष्ट्रिय अभ्यास

- कतिपय संघीय मुलुकहरूले प्रतिष्पर्धात्मक संघीयता अपनाएका छन् भने कतिपयले सहकार्यात्मक संघीयता अपनाएका छन्,
- यसलाई दोहोरो पद्धति (Dualistic Model) र अन्तरसम्बन्धित पद्धति (Integrated Model) पनि भन्ने गरिन्छ,
- दोहोरो पद्धतिले संघ र प्रदेशको केही अधिकार समानरूपमा राखेको हुन्छ,
- एकीकृत पद्धतिमा अधिकार प्रष्ट विभाजन गर्ने र साझा अधिकारको बिषय संघीय कानूनसँग नबाझिने गरी कानून बनाउन व्यवस्था गरिन्छ,
- सो कतिपय पद्धतिमा अस्पष्ट भएका बिषयमा तहगत समन्वय र सहकार्य गरी कामको बाँडफाँट गरिन्छ,

# संघीय शासन प्रणालीका विशेषता र अन्तर्राष्ट्रिय अभ्यास

- राज्य शक्तिको बाँडफाँट गर्ने अभिव्यक्त (Inurmerated) र अवशिष्ट (Residuary) दुई प्रकारका सिद्धान्त छन्,
- अभिव्यक्त पद्धतिमा संघीय इकाई बीच सम्पूर्ण अधिकार प्रष्ट रूपमा विभक्त गर्ने गरिन्छ,
- अवशिष्ट पद्धतिमा बाँडफाँट हुन बाँकी रहेका अधिकार कुन तहले प्रयोग गर्ने भनी उल्लेख गरिन्छ,
- सामान्यतया तीन प्रकारका उद्देश्यले संघीय राज्य निर्माण भएको पाइन्छः-

१) एक ठाउँमा आउने संघीयता (Federalism by Coming Together or Aggregation),

२) एकै ठाउँमा राख्ने संघीयता (Federalism by holding To gether or de-aggregation) भन्ने गरिन्छ,

३) मिश्रित संघीयता कतिपय एकात्मक र संघात्मक शासन प्रणालीका विशेषता झल्कने गरी अवशिष्ट अधिकार संघमा रहने गरी बनेका संघीयता,

# क्रमशः......संघीय शासन प्रणालीका विशेषता र अन्तर्राष्ट्रिय अभ्यास

- अधिकारको हिसाबले संघीय इकाई बीच समान (Symmetric) र असमान (Asymmetric) (क्याटालोनिया, क्युवेक) अवस्थाका संघीय प्रणाली रहेका छन्,
- संघ निर्माणको हिसाबले आफ्नै प्रयासबाट स्थापित गरेको (Staying To gether) संघीयता, र
- अरूको प्रयासबाट संघीय राज्य स्थापित भएको (Putting Toghether) पनि छन् (बोज्नीया/हर्जगोविना),
- वित्तीय संघीयता संघीयताको प्रमुख अंग मध्ये एक हो,

# संघीय शासन प्रणालीका विशेषता र अन्तर्राष्ट्रिय अभ्यास

- वित्तीय संघीयता भन्नाले सरकारका सबै तह बीच कामको बाँडफाँट सहित आम्दानी गर्ने स्रोतको बाँडफाँट र खर्च गर्ने अधिकार हो,
- वित्तीय संघीयताले कुन तहको सरकारले के काम (Expenditure Assignment) गर्ने,
- कुन तहका सरकारले कुन स्रोत संकलन र व्यवस्थापन (Revenue Assignment) गर्ने,
- तहगत सरकार बीच वित्तीय हस्तान्तरण (Inter Governmental Fiscal Transfer) प्रणाली कस्तो हुने ?, र
- प्रदेश र स्थानीय सरकारमा थप पूँजीगत लगानीका लागि ऋण सम्बन्धी (Borrowing) व्यवस्था कस्तो हुने भन्ने कुरा सम्बोधन गर्नुपर्छ,
- यसलाई वित्तीय संघीयताका चार स्तम्भ भनिन्छ,
- कामका आधारमा स्रोत व्यवस्था (Finance Follow Function) नै वित्तीय संघीयताको मुख्य आधार हो,

# नेपालमा संघीय शासन प्रणालीका विशेषता र अभ्यास

- नेपालको संघीय शासन प्रणाली ‘एकै ठाउँमा रहने’ विशेषता रहेको,
- अवशिष्ट अधिकार संघमा रहेको,
- संघीय प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहेको,
- न्याय प्रणाली एकात्मक ढाँचाको रहेको,
- संघीय इकाई बीच समान अधिकार रहेको,
- नेपालीकै चाहना अनुसार संघीयतामा गएको,
- स्थानीय स्वायत्तता सहितको विकेन्द्रित संघीयता र समानुपातिक समावेशीकरण उद्देश्य रहेको,
- अविभेदकारी समतामूलक समाज सामाजिक उद्देश्य रहेको,

## क्रमशः .......नेपालमा संघीय शासन प्रणालीका विशेषता र अभ्यास

- समाजवाद उन्मूख स्वतन्त्र र समृद्ध अर्थतन्त्र आर्थिक उद्देश्य रहेको,
- सहकार्यात्मक संघीयता रहेको,
- मिश्रित संघीयता,
- तीन तहको संघीयता,
- समानान्तर निर्वाचन प्रणाली,
- कर्मचारी प्रशासनका क्षेत्रमा धारा २८५ ले स्वायत्तता र २२७ ले प्रदेश कानून बमोजिम हुने,
- तीन वटै तह बीचको साझा अधिकारको सूची रहेको संघीयता हो,
- संविधानले नै स्रोत बाँडफाँट नगरी आयोगको सिफारिसमा वित्त हस्तान्तरण हुने व्यवस्था हो,

# साझा अधिकार सम्बन्धी कानूनी व्यवस्था

- संविधानको धारा ५७ को (३) ले संघ र प्रदेशको साझा अधिकारको सूची अनुसूची ७ मा र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुसूची ९ मा रहने उल्लेख,
- अनुसूची ७ मा उल्लिखित बिषयको प्रयोग संविधान र संघीय कानून र प्रदेश कानून बमोजिम हुने उल्लेख,
- अनुसूची ९ मा उल्लिखित बिषयको प्रयोग संघीय कानून, प्रदेश कानून र गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुने उल्लेख,
- प्रदेश सभाले त्यस्तो कानून बनाउँदा संघीय कानूनसँग र गाउँ/नगरसभाले बनाउँदा संघीय कानूनसँग र प्रदेश कानूनसँग बाझिन नहुने,
- संघ र प्रदेशको साझा अधिकारको सूची अनुसूची ७ मा २५ बुँदामा सूचीकृत रहेको,
- संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुसूची ९ मा १५ बुँदामा सूचीकृत रहेको,

## नेपालको संविधान को अनुसूची ९ को व्यवस्था

# संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

१.	सहकारी

२.	शिक्षा, खेलकुद र पत्रपत्रिका

३.	स्वास्थ्य

४.	कृषि

५.	विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु

६.	सेवा शुल्क, दस्तुर दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

७.	बन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

## क्रमशः.....नेपालको संविधान को अनुसूची ९ को व्यवस्था संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

८. खानी तथा खनिज

९. विपद व्यवस्थापन

१०. सामाजिक सुरक्षा र गरिबी निवारण

११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक

१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहलाय

१३. सुकुम्बासी व्यवस्थापन

१४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

१५. सवारी साधन अनुमति

# संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को व्यवस्था

देहायका बिषय संघीय कानून बमोजिम हुने : दफा ६ (१)

**(क) कसुर वा सजायको निर्धारण :**

- राष्ट्रिय स्तर वा राष्ट्रिय महत्वका वा एक भन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार निर्माण,
- सबै प्रदेशमा समान रूपमा लागू हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन,

**(ख) देहायका बिषय प्रदेश कानून बमोजिम हुने :**

- प्रदेश स्तरका सडक, विद्युत, खानेपानी, सिँचाई जस्ता पूर्वाधार संरचनाको निर्माण,
- शिक्षा, स्वास्थ्य, वातावरण जस्ता विषयमा जनचेतनाको अभिबृद्धि,
- रोजगार प्रवर्द्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा,
- प्रदेश स्तरमा हुने सेवा प्रवाह,
- सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेश स्तरको नियमन,

## क्रमशः.....संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को व्यवस्था

**(ग) देहायका विषय स्थानीय कानून बमोजिम हुने :**

- स्थानीय स्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य,
- उपभोक्ता हित र सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा नियमन,
- जनचेतना अभिबृद्धि,

# साझा अधिकार सम्बन्धी कानूनी व्यवस्था र अवसर

- संघले बनाउने साझा अधिकार सम्बन्धी कानूनको सीमा निर्धारण,
- प्रदेशले बनाउने साझा अधिकार सम्बन्धी कानूनको सीमा निर्धारण,
- साझा अधिकार सम्बन्धी कानून संघले नबनाएको भए पनि बनाएर प्रदेशले कार्यान्वयन गर्न सक्ने -दफा ६ (३)
- साझा अधिकार सम्बन्धी कानून संघ र प्रदेशले नबनाएको भए पनि स्थानीय तहले बनाएर कार्यान्वयन गर्न सक्ने -दफा ६ (४)
- प्रदेशले आफ्नो अधिकार क्षेत्रका बिषयमा कानून बनाई दुई वा दुई भन्दा बढी प्रदेशसँग संयुक्त रूपमा कार्यान्वयन गर्न सक्ने -दफा ६ (४)
- स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका बिषयमा कानून बनाई दुई वा दुई भन्दा बढी स्थानीय तहसँग संयुक्त रूपमा कार्यान्वयन गर्नसक्ने -दफा ६ (५)
- संघ, प्रदेश र स्थानीय तहले नीति, कानून बनाउँदा तीनवटै तहसँग समन्वय गर्नुपर्ने व्यवस्था,
- संघले प्रदेश र स्थानीय तहको, प्रदेशले संघ र स्थानीय तहको, स्थानीय तहले संघ र प्रदेशको एकल अधिकारमा अतिक्रमण गर्न नहुने (दफा ४)

# साझा अधिकार सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनका चुनौती

- संघले राष्ट्रिय महत्वका वा एकभन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार मात्रै निर्माण गर्ने अधिकार भए पनि वडा तहका कार्यक्रम कार्यान्वयन,
- प्रदेश र स्थानीय तहको एकल अधिकारमा अतिक्रमण,
- प्रदेश र स्थानीय तहको एकल अधिकारको बिषय निजामती/सरकारी सेवा, राष्ट्रिय वन, वैकल्पिक उर्जा, उच्च शिक्षा, घरजग्गा धनिपुर्जा वितरण आदि कार्यक्रम संचालनमा व्यवधान
- साझा अधिकारको विभाजन र कार्यान्वयनमा संघ र प्रदेश दुवै अनुदार रहेको,
- मौलिक हकको कानून पनि प्रदेश र स्थानीय तहको अधिकार संकुचनमा केन्द्रित रहेको,
- फौजदारी न्यायिक प्रकृया र शान्ति सुरक्षाका विषयमा प्रदेशको अधिकार संकुचन गर्न खोजेको,
- प्रदेशबाट पनि स्थानीय तहको शिक्षा, स्वास्थ्य, कृषि आदिका अधिकार अतिक्रमण गर्न खोजेको,
- प्रदेशले कृषिमा प्रशोधन, कलकारखाना, बजारीकरणमा नलागी उत्पादनका क्षेत्रमा लागेको,
- शिक्षामा उच्च शिक्षामा लाग्नु पर्नेमा विद्यालय शिक्षा, स्वास्थ्यमा विशेषज्ञ सेवामा लाग्नु पर्नेमा आधारभूतमा लागेको,
- एउटै काम सबै तहले गर्दा संघीयता माथि प्रश्न उठेको,

# समन्वय, सहकार्य, सहअस्तित्व र सहयोग

- दुई वा त्यो भन्दा बढी कुराको पारस्परिक सम्बन्ध र मेलमिलापलाई समन्वय भन्ने गरिन्छ ।
- एकसाथ मिलेर काम गर्ने भावना र सामूहिक काम गर्ने प्रवृत्तिलाई सहकार्य भन्ने गरिन्छ,
- जोसँग सबै मिलेर काम गर्नु पर्ने हो उसको समरूप र अस्तित्व स्वीकार गर्नु सहअस्तित्व हो,
- कार्यक्षेत्र मात्र फरक भएको तर एउटै भूगोल र एउटै जनताका लागि कतिपय पृथक त कतिपय परिपूरक भएर काम गर्ने कार्य र कारणको सम्बन्धले समन्वय र सहकार्य बढाउँछ,
- समन्वय र सहकार्य कानूनी व्यवस्था मात्र होइन, आचरण र शैलीगत कुार पनि हो,
- निर्देशन दिन मात्र खोज्ने प्रवृत्ति समन्वय र सहकार्यात्मक शैली होइन,
- प्रदेश र स्थानीय तहको अधिकार अन्तरगत बनाएको कानून, योजना कार्यान्वयन गर्न नेपाल सरकारले सहयोग गर्नुपर्ने -दफा १४ (५),

# क्रमश..........समन्वय, सहकार्य, सहअस्तित्व र सहयोग

- संघको अधिकार अन्तर्गत बनाएको कानून योजना कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहले सहयोग गर्नुपर्ने -दफा १४ (४),
- प्रदेशको अधिकार: प्रदेश स्तरको विद्युत, सिँचाई, खानेपानी, प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, प्रदेश भित्रको व्यापार, प्रदेश लोकमार्ग,
- भूमि व्यवस्थापन, राष्ट्रिय बन, कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकरण, व्यापार व्यवसाय, खानी (अनुसूची ६),
- बीमा, गरिबी निवारण, औद्योगिकरण, वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि, रोजगारी आदि (अनुसूची ७),
- प्रदेश स्तर भनेको: स्थानीय तहले गर्न नसक्ने तर प्रदेशले गर्न सक्ने योजना नै प्रदेश स्तरको हो,
- शिक्षामा: उच्च शिक्षा, कृषिमा: प्रसोधन, औद्योगिकरण र बजारीकरण, सडकमा: दुई वा त्यो भन्दा बढी पालिका जोड्ने, खानेपानीमा पनि त्यस्तै र जटिल प्रविधि प्रयोग गर्नुपर्ने,
- प्रदेशले अध्ययन, अनुसन्धानका लागि विश्वविद्यालयलाई सहयोग गर्ने र विश्वविद्यालयले गर्ने प्रक्षेपणको आधारमा प्रदेश योजना बनाउने,
- यसो गर्दा विद्यमान राज्य प्रणाली बलियो बनाउन सकिन्छ,

# साझेदारी विकासका लागि प्रदेश र स्थानीय तह बीच पारस्परिक सहयोग र भूमिका

संघ, प्रदेश र स्थानीय तह बीचको समन्वयकारी संरचना देहाय बमोजिम रहेका:

- **संघीय तहमा:** राष्ट्रिय समन्वय परिषद, अन्तरसरकारी वित्त परिषद, विषयगत समिति
- **प्रदेश तहमा:** प्रदेश सभा, प्रदेश समन्वय समिति
- **जिल्ला तहमा:** जिल्ला समन्वय समिति

# परिषद तथा समितिहरूको कार्यक्षेत्र

- राष्ट्रिय समन्वय परिषदः साझा अधिकार सम्बन्धी नीति, कानून, प्रदेश र स्थानीय तहमा कार्यान्वयन हुने राष्ट्रिय स्वार्थको विषय र सेवा प्रवाहको बिषय,
- अन्तरसरकारी वित्त परिषदः वित्त व्यवस्थापनको विषय,
- बिषयगत समितिः क्षेत्रगत योजना, तहगत नीति तथा कानून र कार्यक्रममा एकरूपता र प्रभावकारिता,
- प्रदेश सभाः प्रदेश गाउँपालिका/नगरपालिका बीच समन्वय गर्न राजनीतिक विवाद समाधान,
- प्रदेश समन्वय परिषदः प्रदेश र स्थानीय तहबाट संचालन हुने विकास आयोजना वा साझा अधिकारको विषयको कार्यान्वयन,
  - प्रदेश र स्थानीय तथा एकभन्दा बढी स्थानीय तह बीच समन्वय र अन्तरसम्बन्ध कायम गर्ने,
- जिल्ला समन्वय समितिः संघ, प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,
- विवाद नआउने गरी काम गर्नुपर्नेः संघ, प्रदेश र स्थानीय तहले विवाद नआउने गरी कार्य गर्नुपर्ने,

# प्रदेश-प्रदेश, स्थानीय तह-स्थानीय तह र प्रदेश र स्थानीय तह बीच साझेदारीमा देहाय बमोजिम संचालन हुनसक्ने कार्यक्रम

- विद्युत उत्पादनको क्षेत्र, कृषिको मूल्य संृखलाको क्षेत्र, पर्यटन प्रवर्द्धन, खाद्य सुरक्षा, आवासीय विद्यालय, विपद् व्यवस्थापन, रासायनिक मल आदि,
- फोहर व्यवस्थापन, दमकल, विशेषज्ञ स्वास्थ्य सेवा आदि,

# भावी कार्य दिशा

- संघीय प्रणाली नविनतम् विषय भएकोले अध्ययन÷अनुसन्धान, छलफल र मन्थन गर्दै अघि बढ्नुपर्छ,
- त्यस्तो कार्यको लागि तहगत समन्वयकारी संरचनालाई क्रियाशील बनाउनुपर्छ,
- प्रत्येक तहले आफ्नो अधिकार क्षेत्रमा केन्द्रित भई औचित्यता र प्रभावकारिता पुष्टी गर्नुपर्छ,
- प्रत्येक तहको भूमिका प्रष्ट हुने गरी कानून तर्जुमा गर्नुपर्छ,
- अस्पष्टता र दोहोरोपनलाई सम्वाद र समन्वय बैठकद्वारा प्रष्ट गर्दै जानुपर्छ,
- लागत, प्रभावकारिता र दिगोपनको हिसाबमा तहगत समन्वय गरी समझदारीमा जिम्मेवारी तोकिनु पर्छ,
- प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार ऐच्छिक नभएकोले ती क्षेत्रमा नीति, कानून र कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्छ,
- साझा अधिकार सम्बन्धी कानून संघले नबनाएको भए प्रदेशले र संघ र प्रदेशले नबनाएको भए पनि स्थानीय तहले कानून बनाई कार्यान्वयन गर्नसक्ने (दफा ६),

# क्रमशः.......भावी कार्य दिशा

- संघ र प्रदेशले एकल वा साझा अधिकारका विषयमा लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताको हिसाबले पालिकाबाट गर्दा उपयुक्त हुने भएमा पालिकाले गर्ने (दफा ३),
- प्रदेशले आफ्नो अधिकार क्षेत्रमा कानून बनाई दुई वा दुई भन्दा बढी प्रदेशसँग संयुक्त रूपमा कार्यान्वयन गर्न सक्ने,
- स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने जस्तै फोहर व्यवस्थापन, दमकल, र
- अपांगता भएका बालबालिका पढ्ने र अविभावकविहीन बालबालिका र विपन्न बालबालिका पढ्नका लागि आवासीय विद्यालय,
- विशेषज्ञ सेवा प्रवाहका लागि संयुक्त सेवा प्रवाह,
- मौलिक हक आदि कार्यान्वयनका विषयमा समन्वय गरी तहगत भूमिका प्रष्ट गर्ने

# निष्कर्ष

- संघीयताको मूल उद्देश्य विकेन्द्रीकरण र समानुपातिक समावेशी प्रतिनिधित्व,
- राज्य शक्तिको प्रयोग तीन तहका सरकारबाट हुने,
- संविधानले तीनै तहको अधिकार क्षेत्र प्रष्ट गरिदिएको,
- एकल वा साझा अधिकारको प्रयोगको ढाँचा अन्तरसम्बन्ध ऐनले गरेको,
- दक्षता र सन्निकटता, आयतनको अर्थलाभ र दिगोपनको विषयलाई ध्यान दिनुपर्ने,
- सहअस्तित्व, समन्वय र सहकार्यको आवश्यकता र संवैधानिक दायित्व अनिवार्य पालना,
- संवैधानिक अधिकार ऐच्छिक होइनन्, अनिवार्य दायित्व भित्र पर्ने विषय हुन्,
- मौलिक हक सम्बन्धी बिषय पनि साझा दायित्वका विषय भएकाले यसको जिम्मेवारी तीनै तहको हो,
- संघले प्रदेश र स्थानीय तहका लागि वा प्रदेशले स्थानीय तहका लागि निक्षेपण वा प्रत्यायोजन गरेका विषय हुन् वा दिगो विकासका कुरा हुन् कानून बनाई कार्यान्वयनमा जानुपर्छ,
- अस्पष्ट भएका विषय हुन् वा विवादित विषय हुन् समन्वय बैठक बसी समाधान गर्नुपर्छ,
- एउटै काम सबैले गर्न खोज्दा विद्यमान प्रणाली माथि नै प्रश्न उठ्न थालेकोले प्रत्येक तहको फरक भूमिका तर परिपूरक सम्बन्ध हुने गरी कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक छ ।

धन्यवाद

inprotected.com